श्री जुम्ला जिल्ला अदालत

माननीय जिल्ला न्यायाधीश श्री श्यामलाल घिमिरे

जिल्ला प्रशासन कार्यालय जुम्लाको निरिक्षण प्रतिवेदन २०७६

न्याय प्रशासन ऐन, २०७३ को दफा २१ तथा जिल्ला अदालत नियमावली २०७५ को नियम ९४ बमोजिम जिल्ला प्रशासन कार्यालय, जुम्लाको मुद्दा मामिला सम्बन्धी कामकारवाही आज मिति २०७६।०१।२९ गते प्रमुख जिल्ला अधिकारी श्री दुर्गा बन्जाडे तथा जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थितिमा निरिक्षण कार्य सम्पन्न गरियो। निरिक्षणको क्रममा मुद्दा मामिलाको कार्य प्रगति सम्बन्धी देखिएको तथ्यगत विषय वस्तु र कार्यविधिमा आवश्यक सुधार गर्नु पर्ने देखिएका विषयमा देहाय बमोजिम निर्देशन दिइएको छ ।

जिल्ला प्रशासन कार्यालय, जुम्लाको यस आ.व. २०७५/०७६ मा निरिक्षण मिति सम्म देहाय बमोजिमका मुद्दाहरु रहेको पाइयो ।

| क.स. | मुद्दाको विवरण | लगत | फछ्यौंट | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १. | केहि सार्वजनिक अपराध सम्बन्धि मुद्दा | १४ | १४ | - | |
| २. | सार्वजनिक उपद्रयाईं सम्बन्धी मुद्दा | २ | - | २ | |
| ३. | अभद्र व्यवहार सम्बन्धि मुद्दा | ३ | - | ३ | |
| ४. | जुवा मुद्दा | ४ | ३ | १ | |
| ५ | सार्वजनिक शान्ति विरुद्धका मुद्दा | १ | १ | - | |
| | जम्मा | २४ | १८ | ६ | |

१. माथि उल्लेखित मुद्दाहरुको विवरण मध्ये केहि सार्वजनिक अपराध सम्बन्धि मुद्दा गत आ.व.बाट जिम्मेवारी सरी आएका १३ थान् र यस आ.व. मा दर्ता भएको १ थान् सहित जम्मा १४ थान् मुद्दाहरु सबै फछ्यौंट गरेको पाइयो। त्यस्तै सार्वजनिक उपद्रयाईं सम्बन्धि २ थान् मुद्दाहरु फछ्यौंट गर्न बाँकि रहेको, अभद्र व्यवहार सम्बन्धि मुद्दा ३ थान् फछ्यौट गर्न बाँकी रहेको, जुवा सम्बन्धि मुद्दा ४ थान मध्ये ३ थान् मुद्दा फछ्यौंट भई १ थान् फछ्यौंट गर्न बाँकी रहेको र सार्वजनिक शान्ति विरुद्धका मुद्दा १ थान् दर्ता भई उक्त मुद्दा पनि फछ्यौंट भईसकेको पाईयो। फछ्यौंट गर्न बाँकी मुद्दाहरु मध्ये सबै भन्दा पुरानो मिति २०७५।१०।१५ मा दर्ता भएको जुवा मुद्दा समेतका जम्मा ६ थान् मुद्दाहरु मात्र बाँकी रहेको देखिएको र ती मुद्दाहरु पनि अंग पुग्ने र फैसला हुने क्रममा रहेको देखिदा मुद्दा फैसला तर्फ उल्लेख्य प्रगती भएको देखियो जुन अत्यन्त सहानीय छ। आगामी दिनमा पनि मुद्दा फछ्यौंट कार्यले निरन्तरता पाई अझ बढी सफलता मिलोस भन्ने कामना गर्दछु।

२. डन्ड जरिवाना असूल उपर हुन बाँकी नदेखिएको हुँदा प्रस्तुत कार्य समेत अत्यन्त प्रशंसनिय रहेको छ ।

३. चालु मुद्दाहरुमा साप्ताहिक तथा दैनिक पेशी व्यवस्थित गरेको देखिएन, मुद्दाहरुका फाईलहरुमा पञ्जिका राखेको पाईएन, मुद्दाका पक्षहले तारेख गुजारेको प्रमाणित गरेको नदेखिनुका साथै पक्षहरुलाई कारण खुलाएर तारेख तोकिएको नदेखिदा आगामी दिनमा उल्लेखित कार्यहरु गर्दा विशेष ध्यान दिई रित पुर्वकको कार्य गर्नुहोला। साथै पेशी व्यवस्थापन सम्बन्धमा गत वर्षमा दिइएको निर्देशन बमोजिम गर्नुहोला।

४. पक्षहरुलाई दिइने पुनरावेदनको म्यादमा ऐनको दफा उल्लेख नगरी दिन मात्र किटान गरी पुनरावेदनको म्याद दिएको देखिदा उक्त कार्य गर्दा ऐनलाई मध्यनजर गरी ऐनको दफा समेत उल्लेख गरी पुनरावेदनको म्याद दिनुहोला।

५. छिनुवा मिसिलहरुको यकिन लगत दर्ता किताब राखेको नदेखिदा प्रत्येक आ.व. को दर्ता किताब अध्यावधिक गरी राख्ने तर्फ विशेष ध्यान दिनुहोला।

अन्तमा मुद्दा मामिलाको सन्दर्भमा कानूनको उचित प्रक्रिया पुरा गरि सिघ्र न्याय सम्पादन गर्ने कार्यलाई प्राथमिकतामा राखि विधिको शासन सुदृढ बनाउने यात्रामा सक्रिय रहेको पाईयो। यस कार्यमा आगामी दिनमा अझ वढी सफलता हाशिल गर्नु हुनेछ भन्ने अपेक्षा लिइएको छ। साथै निरिक्षणको क्रममा सक्रिय सहयोग पुऱ्याउन हुने प्रमुख जिल्ला अधिकारी श्री दुर्गा बन्जाडे ज्यू तथा अत्यन्त जिज्ञासु र सहयोगी भई सहयोग गर्नुहुनुने कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहान्छु।

श्यामलाल घिमिरे
जिल्ला न्यायाधीश

<u>निरीक्षण कार्यमा सहयोग गर्नेः</u>

ना.सु. श्री टंकप्रसाद खत्री

ना.सु. श्री धर्म बहादुर स्वाँर

इति सम्वत २०७६ साल बैशाख महिना २९ गते रोज १ शुभम्.................................................